
परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : १०० पृष्ठ ४ २०८१ माघ १५ गते, मंगलबार 28-January, 2025 मूल्य रु. ५/-


9854020595
9801620595
कान्तिपुर फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिवास, महोत्तरी
हाम्रो सेवाहरू
● फ्लैक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# "चासो नदिए हाम्रो परम्परा हराउछ"



▪ अमृत कुमार महतो



कुनै बेला परालको गुन्द्री प्रयोग गर्ने चलन प्रख्यात थियो । महोत्तरीको बर्दिबास नगरपालिका - ९, पशुपतिनगर का राम चन्द्र महतोले १५ बर्षको उमेरमा गुन्द्री बुन्न सीप सिके । बुवा कैलु महतो बाट परालका गुन्द्री बनाउने सीप सिकेपनि अहिले आफ्ना छोरालाई सीप सिकाउन सकेको छैन् । परम्परागत पुर्ख्यौली सीप झन्झटीलो र बढी समय खर्च हुने भएकोले पुर्ख्यौली सीप छोरालाई सिकाउन समस्या भएको महतोको भनाई छ ।

राम चन्द्र महतोजस्तै गाउँका ५० बढी घरको आम्दनीको स्रोत थियो, परालबाट निर्माण गरिएको गुन्द्री । तर पछिल्लो समय सीप हस्तान्तरण नहुदाँ यो सीप हराउदै जाने अवस्थामा छ । २५ बर्षदेखि परालको गुन्द्री (पटिया) उत्पादन गरिदै आएका महतोले अहिले त्यही सीप संकटमा परेको बताए । सीप हराउछ भनेर उनले सोचेका थिएनन् । अहिले परालको गुन्द्री बिक्री हुनै छोडेको छ ।

" मेरो एक छोरा दुई छोरी छन्, एउटा छोरीको बिवाह भयो, छोरा विदेश गएको छ, मैले बुवाबाट यो सीप सिके छोराले यो सीप काम लाग्थ्यो तर कमाई नहुँदा निरास छु ।" "अहिले गाउँमा परालको उत्पादित सामग्री गुन्द्री बनाउने मान्छेको अभाव भइसक्यो । छोराछोरीले यो सीप सिक्न चहेनन् ।"

अहिले परालको सामग्रीसमेत कम बिक्री हुनु र पुस्ता हस्तान्तरण नहुँदा यो पेशा र सीप लोप हुने अवस्था आएको शिवनन्दन महतोले दुःखेसो गरे । "पुस-माघ महिनामा घरको आगनमा तान हालेर घाम ताप्दै गुन्द्री बुन्ने र वर्षभरी तिनै परालका गुन्द्री प्रयोग गर्ने चलन अहिले बजार क्षेत्रमा मात्रै होइन ग्रामीण क्षेत्रहरुमा समेत हराउँदै गएको हो ।"

"हामीले कार्त्तिकमा धान काटेपछि अलि लामो पराल छुट्याएर गुन्द्री बुन्नका लागि राख्ने गर्दथ्यौं, पुस-माघको महिनामा घाम लाग्ने ठाउँमा तान हालेर घरका महिला सदस्य वा छिमेकीहरु भेला भई गुन्द्री बुन्दै दुख सुखका कुरा गर्ने गर्दथ्यौं" पशुपतिनगर का ६५ बर्षिय कैलु यादवले भने "पहिले-पहिले परालको गुन्द्री नभएको घर नै हुँदैन थियो । पछिल्लो समय गुन्द्री विरलै देख्न पाइन्छ । न्यानो र स्वस्थकर मानिने यस्ता गुन्द्री प्रयोग भने हिजोआज घट्दै गएको छ । गाउँमा कहींकतै गुन्द्रीका तान देख्दा नयाँ पुस्तालाई नौलो लाग्न थालेको छ । परालको गुन्द्री वर्षभरि ओछ्याउन, बस्न, अन्न सुकाउन, गाईवस्तुलाई गोठमा बार लगाउन र आफन्तलाई उपहार दिन बढी प्रयोग हुने गर्दथे ।"

बजारमा सजिलै पाइने प्लास्टिकका गुन्द्री र म्याटको बढ्दो प्रयोगसँगै परम्परागत परालको गुन्द्री बुन्ने चलन हराउँदै गएको हो ।

गाउँघरमा केहीले मात्र आफूलाई आवश्यक पर्ने गुन्द्री मात्र बुन्दै आएका छन् ।

पहिला पहिला घरमा आएका पाहुनालाई स्वागत गर्दा ओछ्याउने गाउँले गलैंचा भनेकै गुन्द्री हुन्थ्यो, विवाह, व्रतबन्ध होस् वा अन्य सामाजिक संस्कार का काम गर्दा पनि गुन्द्री अति उपयोगी मानिन्थ्यो ।

परालबाट बन्ने र यताउता लैजाँदा हलुका र झन्झट नहुने हुँदा यो अति नै उपयोग गर्दथ्यो गाउँकै भक्त बहादुर रैका मगरले सुनाए । "हाम्रै पालामा परालको गुन्द्रीको प्रयोग घट्दै छ गुन्द्री बुन्नका लागि नयाँ पुस्तालाई सिक्ने चासो छैन ।

यसरी चासो नदिने हो भने हाम्रो परम्परा हराउँदै जान्छ । गाउँको भन्दा सहरिया उत्पादनले बढी ठाउँ ओगट्ने हुन्छ । प्लास्टिकको गुन्द्री चिसो हुने र महँगो पनि पर्ने हुँदा यो चलनलाई जोगाउनुपर्छ ।"

पशुपतिनगरका युवा नेता भिम बहादुर आले मौलिक सीप,परम्परा र चालचलनसँग गाउँको प्रतिष्ठा गासिने भएकोले यस्ता पुर्ख्यौली चलन र सीपहरुको संरक्षण गर्न आवश्यक रहेको बताए । उनले भने, "स्थानीय सरकारले पनि यस्ता सीप र सीपसँग जोडिएका जनशक्तिलाई आवश्यक सहयोग गर्नुपर्छ, पुर्ख्यौली सीप संरक्षण र प्रवर्द्धनका निम्ति नयाँ पुस्ताले चासो दिनुका साथै पुराना पुस्ताले पनि सीप हस्तान्तरण गर्न जाँगर देखाउनुपर्छ ।"

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं ।

Study Abroad
Preparation Classes
▪ IELTS / PTE Classes
▪ Japanese Language Classes
▪ Korean Language Classes
IELTS | Pearson | PTE
Date Booking
Australia | Canada | UK | USA
New Zealand | Japan | Korea
ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्क:- 9841133811, 9854088026, 9854088028 | स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

## साईवर अपराधबाट जोगिऔं !!!

### कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा यी कुराहरु ध्यान दिनुहोस् ।

- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
- अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।
- ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।
- आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड,
- नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।

**एकडारा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### शीतलहरले सधैं हैरान

अहिले माघको दोश्रो हप्ता चल्दैछ । शीतलहरको हिसावले यो उत्तरार्द्धको समय हो भन्दा पनि फरक पर्दैन । माघको अन्तिम सातापछि तराई मधेशमा शीतलहरको प्रकोप घट्दै जानेछ । करिब एक हप्ता जति अब यस क्षेत्रमा शीतलहर हुने नै हो । यसपाली पुसमा तराई मधेश क्षेत्रा खासै शीतलहर भएन तर चिसोले भने सताएकै हो । माघ लागे पछि तराई मधेशमा खासै घाम लागेको छैन । पुस, माघमा मधेशमा शीतलहर हुनु स्वभाविक पनि हो तर यो नौलो र ताजा कुरा पनि होइन । हरेक वर्ष आउने गरेको छ ।

हालै नेपालको मौसम पूर्वानुमान महाखाले भने तराई मधेशमा शीतलहर चलेको घोषणा पनि गरेको छ । पुस, माघमा कहिले शीतलहर चल्छ यसै भन्न सकिन्न यद्यपि सामान्यतया यी महिनाहरुमा चिसो हुन्छ नै । चिसोबाट बढीजसो बालबालिका, ज्येष्ठ नागरिक सहित दीर्घरोगीहरु प्रभावित हुने नै भए तर सरकारले शीतलहर बाट जोगाउनका लागि भने कहिल्यै ठोस नीति लिएको पाइदैन ।

देशमा अहिले तीन तहका सरकार सक्रिय छन् । संघीय सरकार त मधेशप्रति खासै उदार भएको पाइदैन तर घर आँगनका सरकार भनेको मधेश प्रदेश र स्थानीय तहको सरकारले पनि सामान्य कर्मकाण्डी बाहेकको नागरिकलाई चिसोबाट जोगाउनका लागि कुनै खास काम गरेको देखिदैन । यसको लागि कुनै नीति बनाएको पनि पाइदैन ।


हुन त सरकारहरुलाई पनि कसलाई कसरी सहयोग गर्ने भन्ने त होला नै तर प्रदेशको समन्वयमा स्थानीय सरकारले भने चिसोबाट जोगाउनका लागि नीति बनाउन सक्छन् र बनाउनु पनि पर्दछ । तर स्थानीय सरकारले पनि दाउरा वितरण गरेर आगो ताप्नेसम्मको व्यवस्था गरेपनि अरु खासै केही देखिएको चैं छैन ।

# धनुषामा लाटोकोसेरो तथा हुचिल संरक्षण उत्सव हुने

• टक नेपाल

‘नेपाल लाटोकोसेरो (उल्लु) तथा हुचिल (मुहदुसा) उत्सव २०८१’ घोषणा भएको छ। यही माघ २५ र २६ गते विभिन्न कार्यक्रम गरी उत्सवको १२औँ संस्करण धनुषाको मिथिला बिहारी नगरपालिका २ र ३ मा मनाउन लागिएको आयोजक मूल समिति संयोजक देवनारायण मण्डलले जानकारी दिए ।

मिथिला कल्चरल भिलेजमा आइतबार पत्रकार सम्मेलन आयोजना गरी सो जानकारी गराउँदै उनले उत्सवमा निःशुल्क प्रवेश गराइने बताए। उत्सवको पूर्वतयारीअनुरूप स्थानीय विभिन्न विद्यालयहरूमा लाटोकोसेरो संरक्षण चेतना शिविरहरू सञ्चालन भइरहेको जनाउँदै आयोजकले उत्सवको दिन चरा तथा प्रकृति अवलोकन, स्थानीय लोपोन्मुख खेलहरू तथा सांस्कृतिक गीत तथा नाच प्रदर्शनी र वनविज्ञान अध्ययन संस्थान पोखराका विद्यार्थीहरूको लाटोकोसेरो संरक्षणसम्बन्धी नाच र नाटक प्रदर्शन गरिने जनाएको छ ।



यसैगरी, नगरपालिकास्तरीय चित्रकला, निबन्ध तथा कविता प्रतियोगितासमेतको आयोजना भइरहेको तथा सो अवधिमा लाटोकोसेरो तथा हुचिलको अस्थायी संग्रहालय निर्माण तथा प्रदर्शनी हुने बताइएको छ । दुई दिनसम्म चल्ने उत्सवमा लाटोकोसेरोसम्बन्धी जानकारी तथा फोटो प्रदर्शनी, गहुँको छ्वाली, चुरा, ढुंगा, स्टिलको पाता, लप्सीको दाना, काठ र माटोबाट बनाइएका लाटोकोसेरोसमेत प्रदर्शन गरिनेछ।

उत्सवमा आठ किसिमका लाटोकोसेरोको आवाज सुन्ने र भिडियो हेर्नेसमेत व्यवस्था हुने आयोजकले जनाएको छ । कार्यक्रममा एक फिट अग्लो लाटोकोसेरोको रोबोट प्रदर्शन गरिनेसमेत आयोजकले जनाएको छ ।

सन् २०१२ देखि नेपालमा यो उत्सव मनाउन थालिएको हो। मिथिला वाइल्ड लाइफ ट्रस्ट र ‘प्रकृतिका साथीहरू’को आयोजनामा मनाउन लागिएको सो उत्सवले ठुला स्तनधारी वन्यजन्तुकै हाराहारीमा सिकार तथा अवैध व्यापार हुन थालेको लाटोकोसेरो र हुचिलको संरक्षणमा टेवा पुग्ने प्रकृतिका साथीहरूका कार्यकारी निर्देशक राजु आचार्यले बताए।

‘औषधि र झारफुकको नाममा अन्धविश्वास र भ्रम सिर्जना गरेर तस्करहरूले लाटोकोसेरोको अवैध व्यापार गर्छन्। तर, लाटोकोसेरोको कुनै पनि अंगको औषधीय उपयोग र अदृश्य तान्त्रिक शक्तिबारे वैज्ञानिक आधार छैन,’ उनले भने, ‘प्रकृतिका साथीहरू नामक संस्थाले नेपालको ४६ वटा जिल्लामा १६ वर्षअघि गरेको प्रारम्भिक अध्ययनको आधारमा नेपालबाट वार्षिक कम्तीमा दुई हजार वटासम्म लाटोकोसेरो तथा हुचिलहरू मारिने तथा विभिन्न मुलुकमा अवैध रूपमा पठाइने गरेको भेटिएको थियो।’

पर्यावरणलाई सन्तुलित बनाएर राख्न तथा मुसालगायतका विभिन्न किराफट्यांग्राले आजित हुने गरेका किसानका लागि लाटोकोसेरो बरदान भए पनि जानकारी अभावमा यसलाई मार्ने तथा तस्करी हुने भएकाले संरक्षणका लागि कार्यक्रम गर्न लागेको कार्यकारी निर्देशक आचार्यले बताए ।

## औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

### पुन:बोलपत्र आहवान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/१०/१५)**

| क.स. | ठेक्का नं. | योजनाको नाम | कुल लागत अनुमान रकम रु. | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | AM/NCB/WORKS/2 081/82-03 Re.Bid | Construction of five Wada Office at Aurahi Municipality(Only three wada office for this F/Y | ------ | सुचनामा उल्लेख भए अनुसार | सुचनामा उल्लेख भए अनुसार |


माथि उल्लेखित ठेक्कहरुको लागि सार्वजनीक खरिद अनुगमन कार्यालय वेबसाइट PPMO website : www.bolpatra.gov.inp. बाट विस्तृत विवरण हेरी Online Bidding गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

-प्रमुख प्रशासकिय अधिकृत





# मात्र आकारमा मानव !



▪ प्रा. डा. पारसनाथ यादव



**प्राकृतिक सुन्दरता**

पृथ्वी सूर्यदेखि निश्चित दुरीमा रहेको छ । यही दुरीका कारण पृथ्वी चुम्बकीय क्षेत्र, तातोपन र पृथकीकृत वातावरणीय समस्यामा सहज हुनाका साथै विषाक्त सूर्यका विकिरणबाट पनि सुरक्षित छ । जीवनका लागि चाहिने रासायनिक संघटक पानी, अक्सिजन, नाइट्रोजन कार्बन डाइअक्साइड आदिका कारण पृथ्वी जीवका लागि बासस्थानयोग्य बनेको छ। आज देखिएको जैविक विविधता हजारौं वर्षको उद्विकासात्मक यात्राको प्राप्ति हो। यही प्राकृतिक गतिमा मानव जीवनले वृद्धि हुने अन्तः प्रेरणा पाएको हो। यसर्थ हामी प्रकृतिको एकीकृत अंश हौं।

यो संरचना विविधतामा आधारित छ र यसलाई व्यापक अर्थमा सूक्ष्मजीव, जनावर, रुखबिरुवाका विविध प्रकारबाट बोध गर्न सकिन्छ। यसका साथै पृथ्वीमा पर्यावरणीय विविधता रहेको छ। यसमा मरुभूमि, वनजङ्गल, सुख्खाभूमि, पहाडपर्वत, तालतलैया, नदी, कृषिभूमि आदिको विविधता देखिन्छ । प्रत्येक पर्यावरणीय अवस्थामा जीवजनावर मानवलगायत समाविष्ट छन्। जीवनका लागि हावा, पानी र माटो आवश्यक छ। यो प्राकृतिक अवस्थासँगै समुदायगत अन्तरक्रियाबाट चलेको जीवन प्रक्रियासँग जोडिएको छ। यो जीवनको संयोजन पनि हो। पृथ्वीमा असमान वातावरण भए पनि मानिसका लागि यो रैथाने भूमि हो र यही असमानतामा अन्तर्क्रियात्मक आधारमा पृथ्वीमा मानव जीवन सक्रिय छ। जैविक विविधताका कारण हाम्रो जीवन चल्नका लागि ठुलो मात्रामा खाद्यवस्तु प्राप्त छ। वनजङ्गल, वसन्त ऋतु, झरना, बगैंचा, हिउँले ढाकिएका पहाड, नदी, तालतलैया, ढकमक्क फुलेका फूल, घाँसे मैदान, आदि धर्तीका सुन्दरता हुन्। यी प्राकृतिक सौन्दर्यमा मानव निकै रोमाञ्चित हुँदै आनन्दको गर्वबोध गर्ने गर्छ। धेरै कविले यसको सुन्दरतामा कविता रचना गरेका छन्। यसबाट सत्यम्, शिवम्, सुन्दरम्को भावना विकास भएको छ। प्रकृतिका यी वस्तु आनन्दका स्रोत, धर्तीका अनुपम उपहार हुन्। त्यसैले प्राकृतिक सुन्दरतामा धर्ती गतिशील छ र रहिरहने छ।

**मानव र सामाजिक समस्या**

सत्य र असत्यबीचको सङ्घर्षमा असल जीवनयापनको चिनारी सिकाइबाट नै प्राप्त हुने गर्छ । मानवका नाताले धर्तीका सयौं समस्या सन्तुलन गर्नपर्ने हुन्छ। शरीर र मस्तिष्कको सन्तुलनमा नै शरीर मा ऊर्जा आउँछ। यो भाव भावनात्मक रूपले एकीकृत हुँदा नै नयाँ गुणात्मक ऊर्जा थपिन्छ। गुणात्मकता न त भावना हो न त कारण नै। यो केही सूक्ष्म, पूर्णता या सत्य हो। समग्र मानव गुणका आधार नै गुणत्मकता हो। यसभित्र इमान, एकत्व, साहस, आत्म सचेतता, विश्वबन्धुत्व आदि समावेश गर्न सकिन्छ । यी गुणका कारण नै हामी मानव हौं भन्ने चिनारी या गर्व थपिएको हो। आजका सामाजिक परिघटनामा मानवीय मूल्य क्षयीकरण भएको छ । धन, शक्ति, पदको समग्र परिघटनाका कारण मानवमा बहुलट्ठीपन विकास भएको र मानवताहीन स्थिति सिर्जना भएको पनि देखिन्छ। यसले गर्दा समाजमा हिंसा, लोभ, भ्रष्टाचार, लागुपदार्थ दुर्व्यसन आदि देखिएको हो। यसबाट समाजमा नैतिक र कानुनी मूल्य निरन्तर क्षय भएको विश्वास गर्न सकिन्छ। यसका कारण मानव पीडित मात्र नभई सङ्कीर्ण बन्दै गएको छ। यस किसिमका परिघटनाका विरुद्ध ज्ञानको विस्फोट हुनु जरुरी छ ।

सामाजिक समस्या विचारणीय रहेका छन्। यो अवस्थामा समाजको सदस्यका नाताले सामाजिक मान्यताको विचलन मननयोग्य विषय हो। गरिबी, बेरोजगारी, असमान अवसर, जातिवाद, कुपोषण, रोजगारीमा विभेद, बालविभेद, जातीय सङ्कीर्णता, पृथकीकरण, पार्थक्य, छुवाछुत सामाजिक समस्या र शोषणको मुख्य समस्या हो। यसरी नै महिला, बालबालिका र अल्पसङ्ख्यकप्रतिको विभेद, लागुपदार्थ दुर्व्यसनी, युवा असन्तोष, भ्रष्टाचार, बसाइँसराइँ, विस्थापन आदि पनि सामाजिक समस्या र शोषणका कारण हुन्। यसका विरुद्ध मानव चेतनाको आधार मुख्य विषय हो। पृथ्वीको स्रोतको उपभोग र शोषणमा चेतनाको खाँचो छ। यसमा सत्यबोध हुन आवश्यक छ र मानव मूल्यबोधको आवश्यकतामा स्पष्ट हुन जरुरी छ। विभिन्न क्षेत्रबाट सामाजिक समस्या दिन प्रतिदिन घोषित नै छन्। हाम्रो समाज विखण्डन र तनावमा नै रहेको छ। हाम्रो देशमा सम्बन्धविच्छेदको दर वृद्धि मात्र नभई सामाजिक समस्याको जड बनेको छ। पहिले सम्बन्धविच्छेदका मुद्दा धेरै कम हुने गरेको र अझ हिन्दु धर्मका ग्रन्थमा यो विषय या सम्बन्धविच्छे दको शब्द फेला पर्दैन।

यो विषय नयाँ आधुनिक समाजमा प्रतिबिम्बित हुनैपर्ने देखिन्छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रत्येक वर्ष विश्वव्यापी रूपमा ८ लाख व्यक्ति आत्महत्या गर्ने गरेको तथ्य प्रकाशमा आएको छ । नेपालमा पनि आत्महत्याको दर बढ्दो अवस्थामा छ । नेपाल प्रहरीले प्रकाशमा ल्याएको तथ्यअनुसार सन् २०२० मा वर्षभरि आत्महत्या गर्नेको सङ्ख्या ७,१४१ रहेको देखिन्छ। अघिल्लो वर्षको तुलनामा यो दर बढी नै हो। नेपाल प्रहरीकै तथ्यमा महिला विरुद्धको घरेलु हिंसाका १२,८३२ (सन् २०२०/२०२१) मुद्दा रहेको पनि जनाइएको छ। यसबाट सामाजिक सुरक्षा र नैतिक मुद्दाको विषय अहिलेको समाजमा झन् आवश्यक भएको स्पष्ट हुन्छ।

सेलिब्रेटी संस्कारमा वृद्धि भएको छ। यसले व्यक्तित्वको सट्टा चारित्रिक विशेषतालाई महत्त्व दिन्छ। असल चरित्र नै सत्यको आधार हो। अहम्, ईर्ष्या र मूर्खतालाई बदल्न नयाँ आवाज निर्माण हुन आवश्यक छ ।

**वातावरणीय समस्या**

मानव बुद्धिको विकास नै मानव सभ्यता हो। मानव सभ्यतामा मानवको भूमिकासँगै समस्याको समाधान पनि छ। भौतिक वातावरणमा मानवीय भूमिका जनसङ्ख्या वृद्धि, प्रदूषण, प्रदूषित वायु, पानी, भूमि आदिमा सचेत हुनपर्ने देखिन्छ। जलवायु परिवर्तन, विश्व तापमान वृद्धि, बदलिँदो मौसम, वनविनास, जैविक विविधता, प्राकृतिक स्रोतको सङ्कट आदिलाई लिन सकिन्छ। पृथ्वीमा मानव दौडले पर्यावरणीय र जीवन बचाइमा अन्यायिक विनास निम्त्याएको छ । प्रकृतिमा प्रभुत्वशाली र पृथक् हुनभन्दा हामीमा लामो सोच हुनु जरुरी छ। सामान्यतया पैसा, पद र शक्तिले नै शासन गरेको छ। अर्को शब्दमा भन्दा यो सबै मानिसमा देखिएको नैतिक पतनकै पक्ष हो। आश्चर्य नमानी भन्दा अहिले हामी हाम्रो अस्तित्वको सङ्कटमा रहेका छौं। विश्व जनसङ्ख्या सन् १९०० मा १.६ र सन् १९५० मा २.५ विलियन रहेको देखिन्छ। यसमा सन् २०२२ मा ८ विलियनले वृद्धि भएको र शताब्दीको अन्तसम्म १०.४ विलियन पुग्ने देखिन्छ। सन् २०२१ मा जनसङ्ख्याको भारले गर्दा ९.८ प्रतिशत मानिस भोकद्वारा ग्रसित भएको पीडा बिर्सन मिल्दैन। पृथ्वीको ३१ प्रतिशत भूबनोट वनजङ्गलले ढाकिएको (लगभग ४.०६ विलियम हेक्टर) मध्ये केबल १८ प्रतिशत विश्वको जङ्गल वनविनासबाट संरक्षित छ। असंरक्षणका कारण सन् १९९० पछि ४२० विलियन हेक्टर भन्दा बढी जङ्गल विनास भइसके को छ। सन् २०१५-२०२० बीचमा १० मिलियन हेक्टर जङ्गल प्रतिवर्षका दरले विनास भएको पाइन्छ। यसमा पनि २५.८ मिलियन हेक्टर वन विनास भएको र सन् २०२० मा २४०० रुख प्रतिमिनेटमा काटिएको तथ्य भेटिन्छ। यस्तै १३७ भिन्न प्रजातिका बिरुवा, जनावर र चराचुरुङ्गी एकदिनमा नासिएको मर्म विश्व वनविनाससँग जोडिएको छ।

तितो सत्य नै भनौं, १४०० रुखका प्रजाति अहिले सङ्कटापन्न स्थितिमा लोपोन्मुख रहेको पनि दे खिन्छ। मानव स्वास्थ्यमा प्रभाव पार्ने महत्त्वपूर्ण कार कमा वनविनास हो। यसमा पनि करिब ३१ प्रतिशत आधुनिक रोग वनविनासकै परिणामबाट देखापरेका छन्। यस्तै ९० प्रतिशत जनता गरिबीका चरम रेखामा परेका छन्। उनीहरूको जीवनयापन नै वनजङ्गलमा निर्भर रहेको थियो। पश्चिमी औषधीमध्ये २५ प्रतिशत वर्षातकै वनजङ्गलमा निर्भर रहेको र २५ प्रतिशत क्यान्सर विरुद्धको औषधी पनि रेन फरेस्टमा नै निर्भर रहेको यथार्थ बिर्सन मिल्दैन।

**निष्कर्ष**

हाम्रा पूर्वजहरूको संसारभन्दा हामीले सामना गरेको विश्वस्थिति भिन्न छ। यसो भए पनि हामी आजका समस्या बोध गर्न र समाधान गर्न सक्षम छौं किनकि यी धेरैजसो मानव निर्मित समस्या नै हुन्। पहिले हामीले हामी को हौं र विगत कसरी बनेको छ भन्ने बुझ्न जरुरी छ। हामीले अपरिवर्तनीय मानव स्वभाव बुझ्नै पर्छ। हामीले सचेततापूर्वक परिवर्तनशील विश्व र हाम्रो भविष्य अनि पृथ्वीको संरक्षणका विषयमा के गर्न सक्छौं भन्ने चिन्तन गर्नैपर्ने हुन्छ। मानव मस्तिष्क लचिलो छ। हामी सजिलै समूहगत संस्कृतिबाट निर्देशित र प्रभाव ग्रहण गर्न सक्छौं। हामी सामाजिक प्राणी भएका नाताले तत्कालै सचेत समूह निर्माण गर्न सक्छौं। हामी आफूमा मात्र केन्द्रित भएमा यो समस्या झन् विकराल बन्छ ।

0% ब्याजदरमा आकर्षक मोवाईलहरु
अब अन्त किन?
हाम्रै सहर बर्दिबासको
हर्ष उत्कर्ष ट्रेडर्स




बर्दिबास न.पा.-१४, महोत्तरी
पुरानो शुभ स्वस्तिक हस्पिटलको भवनमा
मो.९८४१५५६५००
नोटः यहाँ S25 ultra Mobile को प्रि.बुकिङ्ग गरेमा आकर्षक गिफ्टको पनि सुविधा छ। ।

# मिटरब्याज पीडितहरूद्वारा सडक अवरुद्ध गरेर धर्ना

• टक नेपाल

मिटरब्याज पीडितहरूले आर्थिक शोषणविरूद्ध जनजागरण अभियानको शुरुवात गरेका छन् । मिटरब्याज विरूद्ध किसान मजदुर आन्दोलन नेपालले आजदेखि जनकपुरधामबाट अभियानको शुरुवात गरेको हो । उनीहरुले जनकपुरधामको सड़कमै धर्ना बसेर सडक अवरुद्ध गरेका छन् ।

मिटरब्याज विरूद्ध किसान मजदुर आन्दोलन नेपालका केन्द्रिय अध्यक्ष अवधेश कुशवाहाले अभियानको शुरुवात जनकपुरधामबाट गरिएको जानकारी दिए । उनले मिटरब्याजको विरूद्ध आन्दोलनको बिस्तार गर्दै अब यस अभियानलाई अदालतविरूद्ध पनि चरम रूपमा अघि बढाइने बताएका छन् ।



अध्यक्ष कुशवाहाले मिटरब्याजको विरूद्ध संसदमा कानून बनेको भए पनि यसको कार्यान्वयनमा ढिलाई भइरहेको र यस मुद्दामा ६० हजार निवेदन परेको भए पनि अहिलेसम्म १० प्रतिशत पनि पीडितहरूको मुद्दा समाधान नभएको बताउँदै तीव्र असंतोष प्रकट गरे ।उनका अनुसार राज्यको प्राथमिकतामा मिटरब्याज पीडितहरूको मुद्दा नरहेको र यदि यही स्थिति जारी रह्यो भने आन्दोलनको रूप परिवर्तन गर्ने चेतावनीसमेत उनले दिएका छन् ।

यसैगरी, मिटरब्याज विरूद्ध किसान मजदुर आन्दोलन नेपालका केन्द्रिय महासचिव मनोज कुमार पासवानले सरकारसँग तीन चरणको वार्ता भए पनि सम्झौताका विषयहरू कार्यान्वयन नगरी चौथो चरणको आन्दोलनको शुरुवात गरिएको बताए । उनका अनुसार देशभर मिटर ब्याज पीडितहरू शोषणमा रहेका छन् र मिटर ब्याजको समस्यालाई पहिचान गर्न गठन गरिएको कार्यदलले कुनै कार्य परिणाम दिएको छैन । उनले राज्यका निकायहरूले पीडितलाई झनै पीडित बनाएको आरोप लगाए ।

यस अभियानको प्रमुख उद्देश्य आम उत्पीडित जनसमुदायलाई संगठित र प्रशिक्षित गर्दै न्यायको निमित्त अन्तिम संघर्ष गर्ने संकल्पका साथ जागरुक पार्नु रहेको उनले बताए । यसले मिटरब्याजी साहु, वित्तीय माफियाहरू, भू-माफियाहरू र यसका संरक्षकहरूको विरूद्ध जनसमुदायलाई सचेत गर्दै स्वतः सशक्त संघर्षमा संलग्न हुने वातावरण सिर्जना गर्ने लक्ष्य लिएको उनले जानकारी दिए ।

माघ १४ देखि फागुन २७ गतेसम्म सञ्चालन हुने ४४ दिने आर्थिक शोषण विरुद्ध जनजागरण अभियानलाई भव्य रुपले सम्पन्न गर्न देहायबमोजिम कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरिएको छ :

**१. निपसु संगठन अभियान**

माघ १४ देखी फागुन ११ गतेसम्म २५ दिनभित्र तहगत समितिहरुको गठन पुनर्गठन गर्दै आन्दोलनलाई थप सशक्त गर्न संगठित पहल अनिवार्य हुनेभएकोले संगठन निर्माण, परिचालन र सुदृढिकरण (निपसु) अभियान संचालन गरिनेछ ।

**२. अदालतको ध्यानाकर्षण**

मिटरव्याज लगायत सबैखाले आर्थिक शोषणका पीडितहरु माथी अदालतको एक्लौटी एवम् यान्त्रिक फैसालाका कारण भईरहेको ज्यादतिका विरुद्ध देशैभरका जिल्ला अदालतहरुलाई ज्ञापन पत्र मार्फत् ध्यानाकर्षण गराइनेछ । यसलाई अदालत घेराऊ कार्यक्रमका रुपमा हाल सम्म विभिन्न जिल्लामा सफलतापुर्वक सम्पन्न गरिसकिएको छ । अब, जनजागरण अभियानको अवधि भर सवै जिल्ला कार्यसमितिले यसप्रकारको कार्यक्रम अनिवार्य सम्पन्न गरिनेछ ।

**३. जाहेरी दरखास्त**

मुलुकी अपराध संहिता-२०७४ को दफा २४९ 'क' अनुरुप केन्द्रीय कार्यालयको संयोजनमा जिल्ला अन्तर्गतका कुख्यात ठुला मिटरब्याजी साहुहरुका विरुद्ध पीडितहरुले संयुक्त जाहेरी दरखास्त दिइनेछ । मिति २०८१ फाल्गुण १८ गते देशैभरका जिल्ला प्रहरी कार्यालयमा जुलुस सहित उपस्थित भई जाहेरी दर्ता गर्ने कार्यक्रम आयोजना गरिनेछ ।

**४. अन्तरक्रिया कार्यक्रम**

सरोकारवाला निकाय तथा जनप्रतिनिधिलाई मिटरव्याज लगायत सबैखाले आर्थिक शोषणका पीडितको सम्बन्धमा सार्वजानिक धारणा राख्न, पीडितको न्यायीक संघर्षमा ऐक्यबद्धता जनाउन र सम्पुर्णरुपले सहयोग गर्न आग्रह गर्दै सबै तहगत समितिहरुले अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । अन्तरक्रिया कार्यक्रमका दौरान सम्पर्क गरिएका निकाय वा जनप्रतिनिधि तथा उहाँहरुको प्रतिक्रिया र सार्वजानिक वक्तव्यलाई अभिलेखको रुपमा संग्रहित गर्दै जनउत्तरदायी बनाउन दवाव दिइनेछ । केन्द्रीय कार्यालयको आयोजनामा मिति २०८१ फाल्गुण २० गते काठमाण्डौंमा वृहत अन्तरक्रिया आयोजना गरिनेछ ।

**५. स्थानिय जनसंघर्ष**

मिटरव्याजी साहु महाजन र शोषक सहकारी, लघुवित्त लगायतका वित्तीय संस्थाको ज्यादती विरुद्ध विभिन्न प्याली, जुलुस, धर्ना जस्ता कार्यक्रमहरु सञ्चालन गरीनेछ । साहुमहाजनहरुले हडपेका तथा पीडितको लिलाम सकारेका जग्गामा भोगचलन कायम राख्न उक्त जग्गा कब्जा गरी पीडितहरुको भोगचलन सुनिश्चित गराउदै मिति २०५१ फाल्गुण १२ देखी १७ गतेसम्म जग्गा कब्जा कार्यक्रम संचालन गरीनेछ । संघर्षको सामर्थ्य स्थानिय समितिहरुको सक्रियतामा निर्भर रहने भएकोले जनसहभागितामा बिशेष जोड दिइनेछ । हामीसबै जस्तोसुकै किसिमको संघर्ष र संघर्षमा आर्थीक, बौद्धिक तथा भौतिक योगदान गर्न कुनैपनि प्रकारले पछि नहटि प्रतिकारको अग्रमोर्चामा नेतृत्वदायी भुमिका निर्वाह गर्न प्रतिबद्ध छौं ।

**६. प्रचारप्रसार**

केन्द्रीय कार्यालयद्धारा जारी हुने अपिल, पर्चा, पम्पलेट पोस्टरहरुलाई तहगत समितिले स्थानीय विशेषताका आधारमा परिमार्जन गरि ब्यापक रुपमा प्रचार गरि आम पीडित सम्म पुर्याइनेछ । यसका लागी सबै तहगत समितिहरुले प्रचार प्रसार समुह बनाई कार्य गर्नेछ । यसैक्रममा भित्ते लेखनलाई पनि तिव्रता दिइनेछ । हाम्रो आन्दोलनका नाराहरुलाई विभिन्न स्थानका भित्ताहरुमा लेखिनेछ । प्रचारप्रसारको कामलाई सबै तहगत समितिहरुले केन्द्रीय सामाजिक संजालमा फोटो भिडियोको रुपमा राख्नेछ । आन्दोलनका सम्बन्धमा प्रकाशित छापा सामाग्रीहरु समेतलाई जनस्तरमा पुग्ने गरी अभियान संचालन गरिनेछ । अभियानले सुचनाको अभाव वा विभिन्न कारणले खुलेर आन्दोलनमा नआएका पीडितहरुलाई प्रोत्साहन गर्नेछ ।

**७. सि.डि.ओ कार्यालयहरुमा देशव्यापी १ दिने धर्ना**

जनजागरण अभियानको अन्त्य तिर केन्द्रीत आन्दोलन गर्ने चेतावनी सहित मिति २०६१।११।२५ गते देशैभरी एकैदिन १०:०० बजे देखी ५:०० बजेसम्म धर्ना दिइनेछ ।

**८. केन्द्रीत आन्दोलन**

आम उत्पीडित जनसमुदायलाई संगठित र प्रशिक्षित गर्दै न्यायको निमित्त अन्तिम संघर्ष गर्ने संकल्पका साथ जागरुक गराउनु नै अभियानको प्रमुख उद्देश्य रहने छ । यसले मिटरब्याजी साहु, वित्तिय माफियाहरु, भू-माफियाहरु र त्यसको संरक्षक एवम् मतियारको रुपमा रहेको राज्य विरुद्ध आम नागरिकहरुलाई सुसुचित गर्दै स्वस्फूर्त रुपमा सशक्त संघर्ष गर्न सबैखाले तयारी सम्पन्न गरि जनजागरण अभियानको अन्त्यमा केन्द्रीत आन्दोलनको घोषणा गरिनेछ ।

# श्रमजीवी पत्रकार संघ सर्लाहीको अध्यक्षमा अनवर अहमद

• टक नेपाल

श्रमजीवी पत्रकार संघ, नेपाल सर्लाहीमा ११ सदस्य कार्यसमिति गठन गरिएको छ । सर्लाही टुडे दैनिक तथा न्युज २४ टि.भि. कर्मी अनवर अहमदको अध्यक्षयतामा श्रमजीवी पत्रकार संघ नेपाल सर्लाही शाखाको ११ सदस्य नयाँ कार्यसमिति गठन भएको हो ।

शनिबार श्रमजीवी(पत्रकार संघ, नेपालका केन्द्रीय अध्यक्ष जन्मदेव जैसीकोको प्रमुख आतिथ्यतामा भएको भेलाले नयाँ कार्यसमिति घोषणा गरिएको हो । कार्यसमितिका अध्यक्षमा अनवर अहमद, उपाध्यक्षमा मनोज यादव, महिला उपाध्यक्षमा अजिता चौधरी, सचिवमा सुमित महत्तो, सहसचिवमा राजिव शाह र कोषाध्यक्षमा लक्ष्मण यादव चयन भएका छन् ।




त्यसैगरी सदस्यहरुमा अरोज यादव, राधेश्याम कुसवा, सुभाष मण्डल, अवरार अहमद र विवेक यादव चयन भएका हुन । प्रमुख अतिथि श्रमजीवी पत्रकार संघ नेपालका केन्द्रिय अध्यक्ष जन्मदेव जैसीले कार्यक्रमलाई सम्बोधन गर्दै श्रमजीवी पत्रकार को हकहित र अधिकारका लागि बृहत् सञ्चार आन्दोलन गर्ने बताएका छन् ।

सबै सञ्चारगृहमा कार्यरत पत्रकार, कर्मचारी र कामदारका हातमा अनिवार्यरुपमा नियुक्तिपत्र, नियमित न्यूनतम पारिश्रमिक र श्रमजीवी पत्रकार ऐन पूर्ण कार्यान्वयनका लागि निर्णायक आन्दोलन गरिने बताएका छन् । सो कार्यका लागि केन्द्र, प्रदेश र जिल्ला सबै शाखाका नेतृत्वले आ आफ्ना स्थानबाट दबाब अभियानको नेतृत्व गर्ने बताए ।

मधेस प्रदेशमै पाइल्सको १ मात्र लेजर सर्जरी


विधिबाट पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल साइनसको उपचार

डा. अफजल मन्सुरी
द्वारा

पोखरा र काठमाण्डौंमा विगत लामो समयदेखि हजारौं बिरामीहरुलाई सफल उपचार गरिसक्नु भएका अनुभवी वरिष्ठ डा अफजल मन्सुरी टिमद्वारा जाँच उपचार तथा परामर्श हुने भएकोले समयसै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहुन अनुरोध गरिन्छ ।



डा. अफजल मन्सुरी
BAMS, IOA, NSU, Dang
CCKAS, AIAA, Ghaziabad (Delhi)
NWCLD of Lasser Theraphy on Benign anorectal disease & vericoseveins
BHU Baransi, India
NAMC No.: 786



बाँझोपन, नि:सन्तान महिला पुरुषको उपचार पनि गरिन्छ ।

मिति: २०८१।१०।१४ र १५ गते
समय: विहान १०:००-५:०० बजेसम्म

हाम्रा सेवाहरू
- पायल्स, फिसर, फिस्टुला
- दिसा गर्दा रगत आउँने
- दिसा गर्दा मासु आउने
- दिसा गर्दा दुखाइ हुने
- मलद्वारमा फोका देखिनु
- मलद्वारमा पिप निस्कनु
- मलद्वार चिलाउनु
- मलद्वार सुन्निनु
- कब्जीयत
- हाडजोर्नी, नशा
- यौन समस्या
- छाला रोग आदि

लेजर सर्जरी नै किन ?
- ☑ भर्ना हुनु नपर्ने
- ☑ दुखाई नहुने
- ☑ रोग पुनः नदोहोरिने
- ☑ सवारी साधन चलाएर घर फर्कन सकिने साथै नियमित काम गर्न सकिने

पायल्स, फिसर, फिस्टुला
दिशा घरमा मासु पलाएको, दुख्ने पोल्ने, चिलाउने, रगत बग्ने, दिशा गर्दा मासु बाहिर आउने, दीर्घकालीन कब्जियत, दिशा नखुल्ने, गानोगोला साथै मलद्वार सम्बन्धी सम्पूर्ण समस्या

सम्पर्क:
ग्राण्डी आयुर्वेद प्रोक्टो लेजर क्लिनिक
बर्दिवास-१, बरगाछीटोल, महोत्तरी, 9864070612, 9807647760

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com